# सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्पाल गाँउपालिका – ६ मा पहिरो जादाँ एक विद्यालय क्षति

**मिति २०७४।०३।१६ गते अन्दाजी बिहान १०:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक पाँचपोखरी थाङ्पाल गाँउपालिका वडा नं. - ६ सल्ले स्थित रहेको श्री जुगल आदर वृद्धि विद्यालयको दुई कोठे सिमेन्ट, ईट्टा,र जस्ताको छानो भएको पक्की भवन राती परेको अविरल बर्षाको कारणले माथि भीरबाट पहिरो आई उक्त विद्यालयको भवनको एकापट्टी पर्खाल पुर्ण रुपमा क्षति भएको भन्ने खबर प्राप्त हुन साथ ईलाका प्रहरी कार्यालयबाट प्र.नि को कमाण्डमा टोली खटिईन गई स्थलगत मुचुल्का कार्य गरेको, उक्त भवनमा मानवीय, चौपाया, लगायत अन्य धनमाल क्षति नभएको तथा विद्यालय भवनको अन्दाजी मुल्य रु ३ लाख बराबरको क्षति भएको र उक्त स्थानमा ईलाका प्रहरी कार्यालय मेलम्चीबाट २५ किलोमिटर उत्तर पर्ने जानकारी यस जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको व्यहोरा अवगत गराईन्छ ।**

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि, सिन्धुपालचोक